YUNNAN DAILY PRESS GROUP
云南日报报业集团
Issue No. 6

# CHINA · YUNNAN

YUNNANEXPRESS
english.yunnan.cn

JANA AASTHA NATIONAL WEEKLY
वर्ष २४, अंक १३, २०७५ साल जेठ १६ गते बुधवार
YEAR 24, ISSUE 13, MAY 30, 2018


# हरियो विकास ढाँचा युन्नान आर्थिक रूपान्तरणको नयाँ निर्देशांक



यो सालको जनवरीमा युन्नान प्रान्तीय सरकार एवं पार्टी कमिटीले विश्वकै प्रथम श्रेणीका हरियो खाद्यवस्तु, हरियो उर्जा र स्वस्थ जीवनको गन्तव्य स्थापित गर्ने 'तीन कार्ड' प्रस्तुत गर्दै इकोलोजिकल स्रोतका फाइदाहरू हरियो विकासमा परिणत गरी युन्नानको आर्थिक विकास उच्च स्तरीय दिशामा अगाडि बढाउने योजना बनाएका थिए।

एक लाख रातो म्यागनोलिया फूल, भेर्बेना, गुलाब, गोल्ड पोमेलो र अमेरिकी चेरी आदि बोट-बिरुवाहरू मरुस्थलीकृत पहाडमा उम्रिँदैछन्। फूलहरू ढकमक्क फुल्दैछन्। सागसब्जी रोप्ने उदाहरणार्थ खेतबारीमा स्वचालित पानी छर्कदैछ। उच्च टेकनिकी हरियो भविष्य केन्द्र, वर्षा पानी संग्रह र सक्रिय पार्ने प्रणाली आदि परियोजनाका प्रारम्भिक विकास भइरहेका छन्। यी दृश्यहरू यस अप्रिलको शुरुआतमा संवाददाताले युन्नान प्रान्तको वनशान अञ्चलअन्तर्गत सिआनशान जिल्लास्थित चीन-अष्ट्रेलिया जैविक स्रोतका स्थिर अनुसन्धान र विकास केन्द्रमा देखेका हुन्। चीन र अष्ट्रेलियाका वैज्ञानिकहरू यहाँ 'माटोदेखि भोजन टेबलसम्म'को जैविक खेती प्रणाली र प्रबन्धन मोडेलको अनुसन्धान गरिरहेका छन्। आशा छ, यो ठाउँमा अनुसन्धान उपलब्धिको प्रदर्शनी, पर्यटक अनुभव र विज्ञानको लोकप्रियतासहितको इकोलोजिकल कृषि पार्क स्थापित हुनेछ। 'हरियो खाद्यवस्तुको विकास गर्न, खाद्य सुरक्षा र स्वास्थ्यको आश्वासन दिन सर्वप्रथम माटो राम्रो र स्वस्थ हुनुपर्छ। अहिले माटोको प्रदूषण एकदमै गम्भीर छ। हामी माटो सुधारमा शुरु गरेर रासायनिक मल र कीटनाशक औषधिको साटो आफ्नो उत्पादित कन्सन्ट्रेटिड जैविक मल प्रयोग गर्छौं। उत्पादन, अध्ययन र अनुसन्धान एकीकृत गरेर नवसिर्जना गर्छौं।' यो विकास केन्द्रका नेता, अष्ट्रेलियाका चिनियाँ वैज्ञानिक डा. याङयुनले पत्रकारलाई बताए।

युन्नानमा २१ वटा राष्ट्रिय ट्रेडमार्कका कृषि उत्पादनहरू छन्। 'तीन कृषि उत्पादन र एक मानक मापदण्ड'बाट प्रमाणित कृषिजन्य उत्पादनहरू २००० भन्दा बढी छन्। फूल, पुअर चिया र सानछी औषधि आदि क्षेत्रीय पहिचानहरू देशविदेशमा प्रसिद्ध छन्। अखरोट र अष्ट्रेलियन नटको रोपण क्षेत्रफल संसारमा पहिलो स्थानमा छ। कृषि उत्पादनको निर्यात मात्रा पश्चिमी चीनमा धेरै वर्षदेखि पहिलो स्थानमा ओगटेको छ। युन्नान कृषि विश्वविद्यालयका प्रमुख, प्रोफेसर शङजुनले पत्रकारलाई बताए, 'युन्नानमा कृषि उत्पादनको गहन र ठूलो मात्रामा विकास गर्न केवल रोपणमा जोड दिँदा पुग्दैन, गहिरो प्रशोधनमा कडा मेहनत गर्नुपर्छ। पहिलो, दोस्रो र तेस्रो उद्योगको एकीकृत विकास गर्नुपर्छ। हरियो सूचकको परिमाणीकरण गरी युन्नानका हरियो खाद्यवस्तुलाई प्रमोशनयुक्त बनाउनुपर्छ। जानकारीअनुसार हालै युन्नान प्रान्तीय कृषि विभाग औद्योगिक संरचनाको अनुकूलन गर्ने, हरियो उत्पादनको प्रचारप्रसार गर्ने, कृषि उत्पादन प्रशोधन उद्योगको अपग्रेड गर्ने, हरियो

## उद्योग

उत्पादनको क्वालिटीलाई ग्यारण्टी दिने र हरियो ब्रान्डको सृजना गर्ने कार्यक्रम सञ्चालन गरिरहेको छ।

युन्नान चिनियाँ चिकित्सा कालेजका पूर्वप्रमुख एवं युन्नान प्रान्तीय सरकारका उपप्रमुख ली मालिनले भने, युन्नानमा चिनियाँ औषधि र स्वास्थ्य, पेन्सन तथा पर्यटनको एकीकृत विकास अघि बढ्दैछ। चिनियाँ औषधिलाई बाहिर जान प्रोत्साहन दिइँदैछ। दक्षिण एशिया र दक्षिण-पूर्व एशियाका लागि परम्परागत औषधि र चिकित्सा सेवा, शिक्षा र अध्ययन केन्द्र तथा दुई चार चिनियाँ इलाज केन्द्र विदेशमा बनाइँदैछन्। स्रोतका अनुसार, युन्नानमा 'स्वस्थ जीवन गन्तव्य' बनाउनुको अर्थ 'ठूलो स्वास्थ्य उद्योग'को शृंखला बनाउनु हो। यसको मुख्य निर्माणकार्य चिकित्सा, अनुसन्धान, शिक्षा र स्वास्थ्यको एकीकृत औद्योगिक परिसर बनाउनु हो। 'एक्लै मोबाइलद्वारा युन्नानको भ्रमण' प्रारम्भिक बिन्दुको रूपमा लिएर पर्यटन उद्योगको सर्वमुखी रूपान्तरण र प्रमोशन गर्नु, देशविदेशका पर्यटकलाई युन्नानमा पर्यटन, बसोबास र जीवन बिताउन आकर्षित पार्नु पनि यसको उद्देश्य हो।

*(ग्वाङमिङ दैनिक अखबार चाङ युङ)*

## आवाज

### 'बेल्ट एण्ड रोड' : विश्वभरको ठूलो सिम्फनी

हालसाल द्विपक्षीय र बहुपक्षीय गतिविधिमा चीनको सहभागितामा एक स्पष्ट परिवर्तन के छ भने 'वेल्ट एण्ड रोड' प्राय मानक विषय बनेको छ। बढीभन्दा बढी विदेशी नेताहरू र अन्तर्राष्ट्रिय संगठनका प्रमुखहरू यस विषयमा चर्चा गर्न वा रुचि देखाउन थालेका छन्। एक निर्विवाद तथ्य के हो भने 'वेल्ट एण्ड रोड'को विश्वव्यापी आकर्षण दिनदिनै बढ्दै जान्छ। पाँच वर्ष अगाडि चिनियाँ राष्ट्रपति सी चिनफिङले संयुक्त रूपमा 'वेल्ट एण्ड रोड' निमार्ण गर्न प्रस्तुत गरेका थिए। अहिलेसम्म ८० भन्दा बढी देश र अन्तर्राष्ट्रिय संगठनले चीनसँग सहयोग सम्झौता गरेका छन्। त्यसको आकर्षण के हो ? पहिलो, स्टान्डिङ पोजिसनमा, चीनले गरेका सबै कार्यहरू आमजनताको सुखका लागि, राष्ट्रको पुनरूत्थानका लागि र विश्वको साझा समुदायका लागि गरेका हुन्। चीनले पहल र प्रचार गरेको 'वेल्ट एण्ड रोड'को उद्देश्य विश्वका सबै देशको विकास रणनीति मिलाएर साझा विकास गर्नु र असल भविष्यको विश्वास बढाउनु हो। 'वेल्ट एण्ड रोड' पहल चीनमा उत्पन्न भएको तर त्यसको अवसर र उपलब्धि विश्वकै हो। सबै देश मिलेर 'वेल्ट एण्ड रोड' निर्माण गरिदिए विश्वका जनतालाई लाभदायक हुनेछ। दोस्रो, राजनीतिमा, 'वेल्ट एण्ड रोड'को मुख्य विषय पूर्वाधारको निर्माण र कनेक्टिभिटी बढाउनु, विभिन्न देशको विकास रणनीति मिलाउनु, व्यावहारिक सहयोग गहिरो पार्नु, समन्वय र लिन्केज विकास बढाउनु र साझा समृद्धि प्राप्त गर्नु हो। चीनले 'बेल्ट एण्ड रोड' पहल गरेको उद्देश्य मानव नियतिको समुदाय बनाउनु र विश्वव्यापी विकासमा सोचविचार गर्नु हो।

तेस्रो, प्राइक्टिसमा, 'वेल्ट एण्ड रोड' एउटा बिलकुलै नयाँ कुरा हो। सहयोगमा केही विभिन्न राय हुनु स्वाभाविकै कुरा हो। हरेक देशले संयुक्त रूपमा परामर्श, निर्माण र साझेदारीको सिद्धान्त पालन र समर्थन गर्ने हो भने अवश्य नै सहयोग बढाउन र मतभेद हटाउन सकिन्छ। 'वेल्ट एण्ड रोड'लाई आर्थिक वैश्वीकरणको प्रकृतिअनुकूल सर्वव्यापी अन्तर्राष्ट्रिय मञ्च पनि बनाउन सकिन्छ।

'वेल्ट एण्ड रोड' एउटा राम्रो ओखती हो। आजको विश्वमा, वैश्वीकरण संकटमा परेको छ। यसलाई तीन ऐतिहासिक परिप्रेक्ष्यबाट हेर्न सकिन्छ : पहिलो, छोटो समयमा हेर्ने हो भने, आजसम्म संसारमा अन्तर्राष्ट्रिय आर्थिक संकट हटेको छैन, पाश्चात्य देशमा वैश्वीकरण-विरोधी र एकीकरण-विरोधी घटनाहरू देखा परेका छन्। दोस्रो, मध्यम र लामो अवधिमा हेर्ने हो भने सन् १९८०को दशकदेखि नवउदारवादले प्रेरित गरिआएको वैश्वीकरणको पतन भइरहेको छ, वाशिङ्टन सर्वसहमति कमजोर हुँदैछ। यसैले पुनर्वैश्वीकरण हुनुपर्छ। अनि मानव नियति समुदायको निमार्ण गर्नुपर्छ। तेस्रो, बृहत् इतिहासको दृष्टिले हेर्दा, मानवजातिले ठूलो संक्रमणमा र ठूलो जोखिम अवधिमा प्रवेश गरेको छ। वर्तमान सिद्धान्त र प्रणालीले अरबौं जनसंख्याको वैश्वीकरणको जिम्मेवार बोक्न सक्तैन। 'वेल्ट एण्ड रोड' पहलले रेशमी मार्गको इतिहास प्रयोग गरी विश्वभरको सहयोगको नवस्थिति सिर्जना गर्न मदत दिनसक्छ।

*(जन दैनिक अखबारको विदेशी संस्करण वाङ यिवेइ)*

